अर्जुनधारा नगरपालिका

# नगर कार्यपालिकाको बैठक

बैठक संख्याः ०१०७९/०७८/

अध्यक्षताः नगर प्रमुख श्री हरिकुमार राना

मितिः२०७८/०४/२६

उपस्थितिः

| | | |
|---|---|---|
| प्रमुख | श्री हरिकुमार राना | उपस्थित |
| उप प्रमुख | श्री कमला खतिवडा आचार्य | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १ | श्री गजाधर खतिवडा | उपस्थित |
| वडा अध्यक्ष,वडा नं २ | श्री रघुनाथ खनाल | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ३ | श्री जीवकुमार भण्डारी | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ४ | श्री दुर्गाप्रसाद दाहाल | अनुपस्थित |
| वडा अध्यक्ष,वडा नं ५ | श्री ध्यानबहादुर भारती | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ६ | श्री लोकनाथ गौतम | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ७ | श्री नवराम ढुङ्गाना | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ८ | श्री गोपिचन्द्र गौतम | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ९ | श्री पुष्पकुमार प्रसाई | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १० | श्री बलदेवसिंह गोम्देन | अनुपस्थित |
| वडा अध्यक्ष,वडा नं ११ | श्री भैरबबहादुर खड्का | उपस्थित |
| कार्यपालिका सदस्य | श्री खिनमान दास | अनुपस्थित |
| कार्यपालिका सदस्य | श्री दिलमाया दास | उपस्थित |
| कार्यपालिका सदस्य | श्री दिलिप गुरुङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री रमेशकुमार दर्जी | उपस्थित |
| कार्यपालिका सदस्य | श्री शकुन्तला बराल | उपस्थित |
| कार्यपालिका सदस्य | श्री शारदाकुमारी भट्टराई | उपस्थित |
| कार्यपालिका सदस्य | श्री हरिमाया भण्डारी | उपस्थित |
| कार्यपालिका सदस्य | श्री लक्ष्मी तामाङ्ग | उपस्थित |
| प्रमुख प्रशासकीय अधिकृत | श्री अम्बिका प्रसाद चौलागाईँ | उपस्थित |
| अधिकृत छैठौं | श्री चुडामणी निरौला | उपस्थित |

*बैठक संख्या २/०७८/०७९ अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको बैठक मिति २०७८/०४/२६*

**मिति २०७८ साल श्रावण २६ गतेको नगर कार्यपालिकाको बैठकबाट निम्न बमोजिम निर्णयहरु गरियो ।**

१. यस अर्जुनधारा नगरपालिका क्षेत्र भएर बहने बिरिङ, टाङटिङ, ठूलो नेते तथा सुखानी खोलाबाट आ.ई.ई. प्रतिवेदनमा उल्लेख भई तोकिएको परिमाणमा नदिजनन्य सामाग्री उत्खन बिक्री विरतरण तथा ओसारपसार गर्ने गरी आ.व. ०७७/०७८ को प्रारम्भिक वातावरणीय प्रतिवेदनको अद्यावधिक विवरण प्राप्त भएको साथै आ.व.२०७८/०७९ का लागि ईको ग्रिन कन्सल्टेन्सी, विर्तामोड झापा मार्फत मिति २०७८/०४/२५ गते प्राप्त प्रारम्भिक वातावरणीय अद्यावधिक प्रतिवेदनमा उल्लेख भए बमोजिम यस नगरपालिका क्षेत्र भित्रका निम्नानुसारका नदी प्रणालीहरुबाट आ.व.०७८/०७९ मा तपसिल बमोजिमको ४ वटा प्याकेजलाई एकमुष्ठ रुपमा निम्नानुसार तोकिएको परिमाणमा नदीजन्य सामाग्री उत्खनन् बिक्री वितरण तथा ओसारपसार गर्न पाउने देखिएको हुँदा विद्युतीय ठेक्का प्रणाली (E BID) मार्फत ठेक्का प्रक्रियाका लागि उक्त आइ इ इ प्रतिवेदन को अद्यावधिक विवरण स्वीकृत गरी ठेक्का बन्दोवस्तीको सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

तपसिल

| क्र सं | खोलाको नाम | प्याकेज संख्या | जम्मा उत्खनन् क्षेत्र | वार्षिक उत्खनन गर्न सकिने परिमाण घ.मि. | कूल न्यूनतम अक |
|---|---|---|---|---|---|
| १ | बिरिङ (बुद्धशान्ति सिमाना समेत) | ३ | ९ | १४०३०० | १८४१२०४८.९ |
| २ | टाङटिङ | १ | १० | ११४००० | २१८११४२६.९ |
| ३ | ठूलो नेते | १ | ५ | १४००० | २४५५७१६.८ |
| ४ | सुखानी | १ | ३ | २३४०० | ३८४३९४९.४६३ |
| कूल जम्मा रकम | | | | | ४६५२३१४२.०६३ |

(योजना/ आर्थिक प्रशासन/ राजस्व शाखा )

२. यस नगरपालिका भित्र सञ्चालित विभिन्न क्रशर उद्योगहरुले सञ्चित गरी राखेका नदीजन्य पदार्थहरुको सम्बन्धमा यस नगर कार्यपालिकाबाट उपप्रमुखज्यूको संयोजकत्वमा गठित समितिबाट अन्तिम प्रतिवेदन प्राप्त भए पश्चात क्रशर उद्योगमा सञ्चित नदीजन्य सामाग्रीको सम्बन्धमा थप छलफल गरी अन्तिम निष्कर्षमा पुग्ने निर्णय गरियो ।(राजश्व/ योजना)

३. यस नगरपालिका क्षेत्र भित्र संचालित विभिन्न किसिमका विकास आयोजनाहरुको निरीक्षण तथा अनुगमन पश्चात प्राप्त प्रतिवेदन माथि छलफल गर्दा ठेक्का प्रक्रिया तथा उपभोक्ता समिति मार्फत संचालन भएका त्यस्ता आयोजनाहरुले न्यूनतम रुपमा पुरा गर्नु पर्ने मापदण्डहरु पुरा नगरेको देखिएको साथै योजना संचालन अवधिभर संचालित योजनाहरुको नियमित अनुगमन तथा सुपरीवेक्षणको लागि प्राविधिक जनशक्ति व्यबस्थापन गरी विकास निर्माण आयोजनाहरुलाई गुणस्तरीय ढंगबाट समयमा नै संपन्न गर्ने व्यबस्था मिलाउन योजना तथा प्राविधिक शाखालाई निर्देशन दिने निर्णय गरियो । (योजना/ प्राविधिक शाखा )

४. भूमि सम्बन्धी समस्या समाधान आयोगले निर्दिष्ट गरेको मापदण्ड र अनुसूची अनुसार यस नगरपालिका मार्फत संकलन भएका भूमिहीन दलित, भुमिहीन सुकुम्बासी तथा अब्यवस्थित बसोबासीहरुको ७३०० थान फाराम ईकाईमा संकलन भई सकेको हुँदा त्यसरी प्राप्त भएका फारामहरु स्क्यान गरी सफ्वेयरमा प्रबिष्ट गर्नमा लागि कार्यालयमा रहेका मौजुदा जनशक्तिबाट मात्र सम्पन्न गर्न जनशक्ति अभाव भएकाले सो कामलाई छिटो छरितो र प्रभावकारी ढंगबाट अगाडी बढाउनु पर्ने भएको हुँदा सो कार्य सम्पन्न गरेका झापा जिल्लाका अन्य स्थानीय तहहरुसँग सम्पर्क गरी त्यस निकायमा कार्यरत जनशक्तिलाई प्रति फाराम अधिकतम ६०/- (साठी) रुपैयाँ उपलब्ध गराउने गरी सेवा करार सम्झौता गरी प्रबिष्टीको कार्य द्रुत मार्गबाट अगाडी बढाउने नगर कार्यपालिकको कार्यालय निर्णय अनुमोदन गर्ने साथै जग्गाको नापजाँच तथा कन्ट्रोल पोईन्ट निर्धारण

गरी नापजाँच कार्यलाई समेत अगाडी वढाउन आवश्यक व्यवस्था मिलाउन लगत संकलन ईकाई तथा नगरकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो। ( आर्थिक प्रशासन/प्रशासन शाखा )

**५.** गत आ.व. ०७७/०७८ मा खोला ठेक्कामा लागि टेण्डर आह्वान भई प्राप्त शिलबन्दी दरभाउ पत्र पेश गर्ने फर्महरु मध्ये उच्चतम अंक कबोल गरी धरौटी जम्मा गर्ने फर्मलाई नदिजन्य सामाग्री उत्खनन बिक्री वितरण तथा ओरपसारका लागि अस्थायी ईजाजत पत्र दिई कार्यालयबाट रसिद ठेली समेत भरपाई गराई उपलब्ध गरईएकोमा सम्मानित सर्बोच्च अदालतको आदेशानुसार नदीजन्य सामाग्री बिक्री वितरण तथा ओसार पसार बन्द गर्न अन्तरीम आदेश जारी भए पश्चात समेत उत्खनन कार्य नरोकीएकोले सो सम्बन्धमा अनुगमन गर्दा यस नगरपालिकाको कार्यालयबाट जारी भएका भन्दा फरक र बढी सिरियल नं का रसिद फेला परेको सन्दर्भमा त्यसरी जारी भएका रसिदहरु सद्दे किर्ते के कस्ता हुन भनि यकिन गर्न आवश्यक देखिएकोले निम्नानुसारको छानवीन समिति गठन गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

| | | |
|---|---|---|
| उप-प्रमुख | श्री कमला आचार्य खतिवडा | संयोजक |
| वडा अध्यक्ष वडा नं २ | श्री रघुनाथ खनाल | सदस्य |
| वडा अध्यक्ष वडा नं ३ | श्री जीवकुमार भण्डारी | सदस्य |
| वडा अध्यक्ष वडा नं ६ | श्री लोकनाथ गौतम | सदस्य |
| वडा अध्यक्ष वडा नं ७ | श्री नवराम ढुंगाना | सदस्य |
| वडा अध्यक्ष वडा नं १० | श्री वलदेवसिँह गोम्देन | सदस्य |
| अधिकृत (सातौं) | श्री हिमराज सेढाईं | सदस्य सचिव |

५.अर्जुनधारा नगरपालिका वडा नं ३ को वडा कार्यालयको छत मर्मतका लागि साविकमा विनियोजित बजेट अपुग भएकाले उक्त कार्यका लागि लगत ईष्टिमेट बमोजिम मर्मत गर्ने निर्णण गरियो। (योजना, आर्थिक प्रशासन)

६. यस नगरपालिकाको लागि आर्थिक वर्ष २०७७/०७८ का लागि सशर्त अनुदान अन्तर्गत सम्झौता भई कार्य भएकोमा आर्थिक वर्षको अन्त्यमा प्राविधिक कारणले भुक्तानी हुन नसकी फ्रिज हुन गएकाले उक्त रकम नगरपालिकाको आन्तरिक श्रोतबाट चालु आर्थिक वर्ष २०७८/०७९ मा भुक्तानी गरी सो को शोधभर्नाका लागि नेपाल सरकारसँग अनुरोध गर्ने मिति २०७८/०४/०४ गतेको सर्वपक्षीय बैठकको निर्णय बमोजिम ती कार्यक्रमहरुको दायित्व र गत आर्थिक वर्षमा सम्पन्न भएका भुक्तानी हुन बाँकी समेतका अनुसुचि १ बमोजिमका योजना तथा कार्यक्रमहरुको दायित्वको विवरण चालु आ.व. मा भुक्तानी प्रयोजनका लागि प्रमाणित गर्ने निर्णय गरियो । (आर्थिक प्रशासन, योजना)